सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# टीकापुर अस्पताल

टीकापुर, कैलाली ।

फोन नं.- ०९१-५६०४८८
फ्याक्स नं- ०९१-५६०४८८
इमेलः-tikapurhospital@gmail.com

## सेवा करारमा लिने सम्बन्धि सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०५/१७)

यस टीकापुर अस्पताल टीकापुर, कैलालीको लागि स्वास्थ्य सेवामा देहाय बमोजिमका पदहरुमा लोकसेवा आयोगद्धारा पदपूर्ति नहुन्जेलसम्म वा नेपाल सरकारद्धारा स्थायी कर्मचारी सरुवा पदपूर्ति नभएसम्म सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागिरकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (२०७९/०५/२३) दिनको ५.०० बजेसम्म इमेल मार्फत दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | समूह/उपसमूह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७९/८०/०१ | कन्सल्लटेण्ट पेडियाट्रिसियन | ९ औ | पेडियाट्रिक्स | १ | |
| २ | २०७९/८०/०२ | कन्सल्टेण्ट अबस्ट्रेसियन | ९ औ | अब्स/गाईनो | १ | |
| ३ | २०७९/८०/०३ | कन्सल्टेण्ट साईक्याट्रिक | ९ औ | साईक्याट्रि | १ | |
| ४ | २०७९/८०/०४ | कन्सल्टेण्ट एनेस्थेसियोलोजिष्ट | ९ औ | एनेस्थेसियोलोजी | १ | |
| ५ | २०७९/८०/०५ | कन्सल्टेण्ट फिजिसियन | ९ औ | मेडिसिन | १ | |
| ६ | २०७९/८०/०५ | कन्सल्टेण्ट रेडियोलोजिष्ट | ९ औ | रेडियोलोजी | १ | |

१ योग्यता

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. न्यूनतम योग्यताः माथि उल्लेखित पदहरुमा उम्मेदवार हुन नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्था वा विश्वद्यालयबाट सम्बन्धित विषयमा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची-६ बमोजिम सम्बन्धित समूह तथा उपसमूह रहने पदहरुको लागि तोकिएको योग्यता पुरा गरेको हुनु पर्नेछ ।

ग. उमेर हदः २१ वर्ष पुरा भई ४५ बर्ष ननाघेको हुनु पर्नेछ ।

नि. प्रमुख मे.सु.

CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
टीकापुर अस्पताल
टीकापुर, कैलाली

घ. सम्बन्धित व्यवसायिक परिषदमा दर्ता तथा नविकरण समेत भएको हुनुपर्नेछ ।प्रचलित कानूनद्धारा अयोग्य नभएको हुनुपर्नेछ ।

**२.दरखास्त दिने विधि:** योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यस अस्पतालको इमेल vacancythp@gmail.com मार्फत दरखास्त फाराम पेश गर्नुपर्नेछ ।दरखास्त फाराम अस्पतालको वेबसाइट tikapurhospital.gov.np बाट प्राप्त गर्न सकिनेछ । दरखास्तको शुल्क लाग्ने छैन । इमेल मार्फत पठाइएको दरखास्त मात्रै छनौट प्रकृयामा समावेश गरिनेछ ।

३. **दरखास्त दिने मिति:** बिज्ञापन भएको मितिले ७ दिन भित्र दरखास्त इमेल मार्फत पेश गरिसक्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्टसम्म इमेल मार्फत दरखास्त दिन सकिनेछ । म्याद नाघी पेश भई आएका दरखास्त माथि कुनै कारवाही हुने छैन ।

४. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:** दरखास्त फाराम भरी फाराममा तोकिएको स्थानमा पासपोर्ट साइजको फोटो १ प्रति टाँसी, उम्मेदवारको व्यक्तिगत विवरण (CV), पछिल्लो शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (नवीकरण सहित), अनुभवको प्रमाणपत्रको प्रतिलिपि र नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपिहरुको स्क्यान कपी (PDF) सम्बन्धित इमेल मार्फत पेश गर्नुपर्नेछ ।

५. **छनौट प्रकृया:** सुदूरपश्चिम प्रदेश, सामाजिक विकास मन्त्रालयद्धारा स्वीकृत "करार सेवामा चिकित्सक तथा स्वास्थ्यकर्मी पदपूर्ति गर्ने सम्बन्धि मापदण्ड, २०७७" बमोजिम अन्तर्वार्ताको विधिबाछ छनौट हुनेछ

६. **सेवा सुविधा:** छनौट भएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई पारिश्रमिक प्रदेश सरकारको नियमानुसार र अन्य सेवा सुविधा तथा शर्तहरु सम्झौतामा उल्लेख भएअनुसार हुनेछ ।

७. अन्तर्वाताको मिति सम्बन्धि सूचना यस अस्पतालको वेबसाइट tikapurhospital.gov.np मा सार्वजनिक गरिनेछ । संक्षिप्त सूचिमा छनौट भएका उम्मेदवारहरुलाई मात्र अन्तर्वार्तामा सहभागी गराईने छ । अन्तर्वार्तामा आउदा सक्कल कागजात सहित उपस्थित हुनुपर्नेछ ।

८. अन्तर्वार्तामा उम्मेदवार तथा पेश गरिएका अन्य कागजात झुठो ठहर भएमा प्रचलित नियमानुसार कारवाही गरिनेछ ।

नि. प्रमुख मे.सु.